# महालक्ष्मी नगरपालिका, धनकुटा

## स्थानीय राजपत्र

खण्डः ८ संख्याः ६ मितिः २०८२ साल १२ महिना ०९ गते

भाग-१

सङ्घ संस्था दर्ता ऐन, २०८२

**महालक्ष्मी नगरपालिका**

नेपालको संविधान र प्रचलित कानून बमोजिम महालक्ष्मी नगरपालिकाको नगर सभाले बनाएको तल लेखीए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्बत २०८२ सालको ऐन नम्बर ६**

**संघ संस्था दर्ता, नवीकरण तथा सूचीकरण सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक**

प्रस्तावनाः यस नगर क्षेत्रभित्र सामाजिक, आर्थिक, साहित्यिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, व्यावसायिक, तथा परोपकारी संस्थाहरूको स्थापना तथा दर्ता, नवीकरण र सूचीकृत गर्ने सम्बन्धमा व्यवस्था गर्न नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी महालक्ष्मी नगरपालिकाको नगरसभाले यो ऐन तर्जुमा गरी लागू गरेको छ।

१. सङ्क्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "सङ्घ संस्था दर्ता ऐन २०८२" रहेको छ।

(२) यो ऐन नगर सभाबाट पारित भई प्रमाणीकरण पश्चात् राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "उप-प्रमुख" भन्नाले महालक्ष्मी नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले महालक्ष्मी नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले साल बसाली रुपमा जारी हुने ऐन, यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि, मापदण्डमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "नगरपालिका" भन्नाले महालक्ष्मी नगरपालिका जितपुर, धनकुटालाई सम्झनु पर्छ।

(ङ) "नगर सभा" भन्नाले महालक्ष्मी नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ।

(च) "नगर कार्यपालिका" भन्नाले महालक्ष्मी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(छ) "प्रमुख" भन्नाले महालक्ष्मी नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले महालक्ष्मी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(झ) "प्रबन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समिति सम्झनु पर्छ।

(ञ) "मन्त्रालय" भन्नाले सङ्घ संस्था सम्बन्धी कार्य गर्न तोकिएको सङ्घीय मन्त्रालय, प्रदेश मन्त्रालय लाई सम्झनु पर्छ।

(ट) "शाखा" भन्नाले महालक्ष्मी नगरपालिकाको सङ्घ संस्था सम्बन्धी कार्य गर्ने शाखालाई सम्झनु पर्छ।

(ठ) "शाखा प्रमुख" भन्नाले महालक्ष्मी नगरपालिकाको सङ्घ संस्था सम्बन्धी कार्य गर्ने शाखाको प्रमुखलाई सम्झनु पर्छ ।

(ड) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी लगायतका कार्यहरूको विकास एवम् विस्तार गर्ने उद्देश्यले स्थापना भएको सङ्घ, संस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र आदि सम्झनुपर्छ र सो शब्दले मैत्री सङ्घ समेतलाई जनाउँछ।

३. <u>दर्ता नगरी संस्था खोल्न नहुने</u>ः यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुँदैन।

४. <u>संस्थाको दर्ता</u>ः (१) संस्था स्थापना गर्न चाहने सात जना वा सो भन्दा बढी व्यक्तिहरूले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित कार्यालयमा निवेदन दिनु पर्नेछ।

(क) संस्थाको नाम र ठेगानाः-

(ख) उद्देश्यहरूः-

(ग) प्रबन्ध समितिका सदस्यहरूको नाम, ठेगाना र पेसाः-

(घ) संस्थाको आर्थिक स्रोतः-

(ङ) कार्यालयको ठेगानाः-

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा तोकिएको शाखालाई संस्था दर्ता गर्न आदेश दिनेछ। संस्था दर्ता भएपछि तोकिएको अधिकारीले तोकिए बमोजिमको ढाँचामा दर्ताको प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ।

(३) प्रमुख प्रशासकीय अधिकृतले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्तो सूचना निवेदकलाई दिनुपर्नेछ। निवेदकले सूचना प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र प्रमुख समक्ष पुनरावलोकनको निवेदन दिन सक्नेछन्। प्रमुखबाट फरक निर्णय भएमा कानुन बमोजिम प्रतिकूल नहुने गरी संस्था दर्ता गर्नु पर्नेछ। प्रमुखको निर्णयमा समेत चित्त नबुझे पैतिस दिनभित्र त्यस्तो निर्णय उपर प्रचलित कानुन बमोजिम उजुर गर्न सक्नेछ।

(४) यस दफा अन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा, अवधि, दर्ता शुल्क, दर्ता नवीकरण शुल्क, सूचीकरण शुल्क तोकिए बमोजिम हुनेछ।

५. <u>सङ्गठित संस्था मानिने</u>ः (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ। सो संस्थाको सबै कामकाजको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(२) संस्थाले व्यक्ति सरह प्रचलित कानुन बमोजिम चल-अचल सम्पत्ति प्राप्त गर्न,

महालक्ष्मी नगरपालिका स्थानीय राजपत्र

उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ तर, नगरपालिका, सरकारी निकाय, दातृ संस्था वा नियोगबाट प्राप्त चल-अचल सम्पत्ति बेच बिखन गर्न पाइने छैन। लिलामी गर्नुपर्ने सम्पत्तिको हकमा नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्र लिलामी गर्न पाउनेछ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ।

६. <u>संस्थाको सम्पत्ति</u>ः (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान व्यवस्था विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा नगरपालिकाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी नगरपालिकाले गरेको कारबाही चित्त नबुझ्ने व्यक्तिले प्रचलित कानुनले तोके बमोजिमको पुनरावेदन दिन सक्नेछ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखित प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा संस्था, संस्थाको पदाधिकारी वा कुनै सदस्य उपर प्रमुख प्रशासकीय अधिकृतले प्रचलित कानून बमोजिम कारबाही चलाउन सक्नेछ।

७. <u>अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने</u>ः यो ऐन प्रारम्भ हुनु भन्दा अघि प्रचलित कानुन बमोजिम दर्ता नभई सञ्चालनमा रहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र यो ऐन बमोजिम दर्ता गराउनु पर्नेछ।

८. <u>संस्थाको उद्देश्यहरूमा हेरफेर</u>ः (१) संस्थाको उद्देश्यहरूमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको प्रबन्धसमितिले तत् सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण-सभा बोलाउनु पर्नेछ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य सङ्ख्याको कम्तीमा दुई तिहाइ सदस्यहरूले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिने छ तर सो प्रस्ताव लागू गर्न प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिनु पर्नेछ।

९. <u>हिसाबको विवरण पठाउनु पर्ने</u>ः प्रबन्ध समितिले सामाजिक परीक्षण गरी आफ्नो संस्थाको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष कार्यालयमा पठाउनु पर्नेछ ।

१०. <u>हिसाब जाँच गर्ने</u>ः (१) प्रमुख प्रशासकीय अधिकृतले संस्थाको हिसाब जाँच गर्न आवश्यक ठानेमा नगरपालिकाको आन्तरिक लेखा परीक्षकबाट हिसाब जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए बापत प्रमुख प्रशासकीय अधिकृतले

हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको पाँच प्रतिशतमा नबढाई आफूले निर्धारित गरेको दस्तुर असुल गरी लिन सक्नेछ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरू वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ।

(४) हिसाब जाँच गर्ने अधिकृतले तोकेको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने प्रमुख प्रशासकीय अधिकृतलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानीनोक्सानी असुल गर्न प्रचलित कानुन बमोजिम कारबाही चलाउन सक्नेछ।
तर प्रचलित कानुनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानुन बमोजिम मुद्दा चलाउन लगाउनेछ।

११. <u>अनुगमन समितिको गठन</u>ः यो ऐन कार्यान्वयनको लागि नगरपालिकामा देहाय बमोजिमको पदाधिकारी भएको एक अनुगमन समिति गठन गरिनेछः-

(क) उप-प्रमुख- संयोजक

(ख) कार्यपालिकाले तोकेको कम्तीमा एक जना महिला सदस्य सहित दुई जना- सदस्य

(ग) सम्बन्धित शाखाको शाखा प्रमुख -सदस्य सचिव

१२. <u>निर्देशन दिने</u>ः नगरपालिकाले संघ संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संघ संस्थाको कर्तव्य हुनेछ ।

१३. <u>दण्ड सजाय</u>ः (१) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाको प्रबन्ध समितिका सदस्यहरूलाई प्रमुख प्रशासकीय अधिकृतले जनही दुई हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(२) दफा ९ बमोजिम हिसाबको विवरण नपठाएमा प्रबन्ध समितिका सदस्यलाई प्रमुख प्रशासकीय अधिकृतले जनही पाँच सय रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।
तर, कुनै सदस्यले दफा ९ उल्लङ्घन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोषजनक प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजातहरू वा सोधिएको प्रश्नको उत्तर नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले दुई हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(४) दफा ८ बमोजिम प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति नलिइ संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारबाही गरेमा वा सङ्घीय वा प्रदेश सरकार र नगरपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्थाको दर्ता निलम्बन गर्न सक्नेछ ।

१४. पुनरावेदनः दफा १३ बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको निर्णय उपर चित्त नबुझे पन्ध्र दिनभित्र प्रमुख समक्ष निर्णय पुनरावलोकनको निवेदन दिन सक्नेछ। त्यस्तो पुनरावलोकनको निवेदन प्राप्त भएको पन्ध्र दिनभित्र प्रमुखले त्यस्तो पुनरावेदनको निर्णय लिनु पर्नेछ। नगर प्रमुखले गरेको पुनरावलोकनको निर्णय चित्त नबुझे चित्त नबुझ्ने पक्षले प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा उजुरी दिन सक्नेछ।

१५. संस्था खारेज नहुनेः (१) देहायको अवस्थामा बाहेक सामान्यतया संस्था खारेज हुने छैनः-

(क) राष्ट्रको सार्वभौमसत्ता र भौगोलिक अखण्डता विरोधी गतिविधि गरेमा,

(ख) क्षेत्रीय, जातीय, धार्मिक, सांस्कृतिक, लैङ्गिक विभेद र समुदाय बीचको सम्बन्धमा खलल पुर्‌याउने गतिविधि गरेमा,

(ग) नेपाल राज्यको विरुद्धमा जासुसी गरेमा,

(घ) राष्ट्रिय अर्थतन्त्रमा गम्भीर हानि-नोक्सानी पुर्‌याउने कार्य गरेमा,

(ङ) लगातार तीन वर्षसम्म नवीकरण नगरेमा,

(च) नगरपालिकाको दीर्घकालीन हित विपरीत कार्य गरेमा,

(२) उपदफा (१) बमोजिम खारेज गर्दा त्यस्तो संस्थालाई सफाइको मौका दिइनेछ ।

(३) उपदफा (१) बमोजिम गतिविधि गर्ने संस्था विरुद्ध प्रचलित कानुन बमोजिम कारबाही गर्न बाधा पर्ने छैन।

१६. संस्थाको विगठन र त्यसको परिणामः संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा यस ऐनको दफा १५ को उपदफा (१) बमोजिम संस्था खारेज भएमा त्यस्तो संस्थाको जायजेथा नगरपालिकाको स्वामित्वमा सर्नेछ र सोही अनुसार खारेज भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जाय जेथाले भ्याएसम्म त्यस्तो दायित्व नगरपालिकाले बेहोर्ने छ ।

१७. सूचीकृत हुनुपर्नेः सङ्घीय वा प्रदेश कानुन बमोजिम अन्य कुनै निकायमा दर्ता भएका संस्थाले

महालक्ष्मी नगरपालिका स्थानीय राजपत्र

नगरक्षेत्रमा कुनै क्रियाकलाप गर्ने गराउने, नगरपालिकाको साझेदारीमा कुनै कार्य गर्ने भएमा नगरपालिकाको सम्बन्धित शाखामा अनिवार्य सूचीकृत हुनुपर्नेछ । सूचीकरण सम्बन्धी शुल्क तोकिए बमोजिम हुनेछ। सूचीकृत संस्थाहरूले समेत वार्षिक रूपमा सूचीकरण नवीकरण गर्नु पर्नेछ।

१८. प्रतिवेदन पेश गर्नेः प्रमुख प्रशासकीय अधिकृतले अर्धवार्षिक रूपमा यस ऐन अनुसार भएको काम कारबाहीको प्रतिवेदन नगर कार्यपालिका र प्रत्येक नगर सभामा पेश गर्नु पर्नेछ । सङ्घीय मन्त्रालय वा प्रदेश मन्त्रालयले यस ऐन बमोजिम भएका काम कारबाहीको बारेमा जानकारी मागेमा सो निकायमा समेत प्रतिवेदन पेश गर्नु पर्नेछ।

१९. नियम, कार्यविधि, मापदण्ड तथा निर्देशिका बनाउने अधिकारः यस ऐनको कार्यान्वयन गर्न नगर कार्यपालिकाले नियम, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ।

२०. अधिकार प्रत्यायोजनः यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्राप्त अधिकारहरू मध्ये सबै वा कुनै अधिकार प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित शाखा प्रमुख वा अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२१. खारेजी र बचाउः (१) महालक्ष्मी नगरपालिकाको सङ्घ संस्था दर्ता सम्बन्धी ऐन, २०७६ खारेज गरिएको छ।

(२) महालक्ष्मी नगरपालिकाको सङ्घ संस्था दर्ता सम्बन्धी ऐन, २०७६ अनुसार भएको काम कारबाही यसै ऐन अनुसार भए गरेको मानिनेछ।

(३) अन्यत्र दर्ता भई नगरपालिकामा हस्तान्तरण भएका सङ्घ संस्थाको हकमा यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ।

महालक्ष्मी नगरपालिका स्थानीय राजपत्र

आज्ञाले
प्रयाश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत
महालक्ष्मी नगरपालिका